के तपाईको घर पानीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing ले गर्नें छ । १००% ग्यारेन्टीका साथ समस्यको समाधान ।
सम्पर्क: प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक
# पोखरापत्र
Pokharapatra National Daily

रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २५ ❑ अङ्क १७० ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८१ असार १८ गते मंगलबार ❑ 2 July 2024 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-

## पर्वतीय संग्रहालयमा सगरमाथा आरोहणको इतिहासबारे डकुमेन्ट्री

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

पोखराको अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा सगरमाथा आरोहणको इतिहास समेटिएको नयाँ डकुमेन्ट्रीप्रदर्शन थालिएको छ।

अल्पाइन क्लबले माउन्ट एभरेष्ट फाउण्डेसनसँगको सहकार्यमा तयार पारेको 'एभरेष्ट बाइ दोज हु वेयर दियर' डकुमेन्ट्री प्रदर्शन गरिएको हो ।

संग्रहालयमा आउने पर्यटकलाई यो डकुमेन्ट्री नियमित देखाइने संग्रहालयकी कार्यकारी निर्देशक निर्मला न्यौपानेले बताइन् । जोन पोर्टर र डन बुसले निर्माण गरेको डकुमेन्ट्री ३४ मिनेट लामो छ। सगरमाथा आरोहणका निम्ति सन् १९२१, २२ र २४ मा तिब्बततर्फबाट भएका प्रयासबारे डकुमेन्ट्रीमा उतारिएको छ ।



एक सय वर्षअघि सन् १९२४ मा १२ जना बेलायती नागरिक र दार्जिलिङका शेर्पा सहितको आरोहण दलले सगरमाथा चढ्ने प्रयास गरेका थिए । तिनै विषयलाई समेटेको डुकुमेन्ट्री देखाउन सुरु गरेको संग्रहालयले त्यतिबेलाका तस्वीरलाई 'द फाइट फर एभरेस्ट १९२४' नाम दिएर पर्यटकलाई प्रस्तुत गरिरहेको छ। तस्बिर जेठ २६ देखि नियमित प्रदर्शनीमा राखिएको हो ।

सोमबारदेखि नै स्लोभेनियाका नागरिकले नेपालका हिमाल चढ्न थालेको इतिहासबारे जानकारी दिने तस्बिरकोसमेत प्रदर्शनी गरिएको छ । प्रदर्शनीको उच्च अदालत पोखराका न्यायधिश धनसिङ महराले उद्घाटन। सन् १९७५ मा स्लोभेनियाका नागरिकले मकालु हिमालको आरोहण गरि विश्वका १४वटा हिमाल आरोहण गरेका छन्।

साथै पर्वतारोहण संघले संचालन गर्दै आएको मनाङ माउन्टेनेरिङ स्कुलमा पर्वतारोहणको लागि गाईड तालिम लगायतका कामसमेत गरेको छ । तीनै फोटाहरु प्रदर्शनीमा छन् । फोटो प्रदर्शनीले पर्वतारोहण संघ र संग्रहालयको सम्बन्धलाई अझै कसिलो बनाउने विश्वास गरिएको छ। ति ऐतिहासिक फोटोलाई अब नियमित प्रदर्शनीमा राखिनेछ ।

कार्यक्रममा उच्च अदालत पोखराका रजिष्ट्रार अच्युत कुँइकेल, कास्कीका प्रमुख जिल्ला अधिकारी भरतमणी पाण्डे, नाटा गण्डकीका अध्यष हरिराम अधिकारी, टेवान अध्यक्ष कमला गिरी, टान गण्डकीका अध्यक्ष धर्मराज पन्थी, होटल संघ पोखराका अध्यक्ष लक्ष्मण सुवेदी, पर्यटन विज्ञ डा. रामजी शर्मा, अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयका सल्लहाकार हरिध्वज तुलाचन लगायतको उपस्थिती रहेको थियो ।

संग्रहालय हिमाल र हिमाली जनजीवनबारे अध्ययन अनुसन्धान गर्न चाहने पर्यटकको रोजाई बनेको छ । पोखरा महानगरपालिका-१७ रातोपैह्रामा १०० रोपनी क्षेत्रफलमा संग्रहालय छ। २०६० सालमा तत्कालीन प्रधानमन्त्री सूर्यबहादुर थापाले संग्रहालयको उद्घाटन गरेसँगै सञ्चालनमा आएको संग्रहालय नेपाल पर्वतारोहण संघको मातहातमा सञ्चालनमा छ । संग्रहालयमा हिमाल, हिमाली समुदाय, जनजीवन र गतिविधिलाई उतारिएको छ । अन्तर्राष्ट्रिय पर्वतीय संग्रहालयमा चालु वर्षमा १०५ देशका पर्यटकले भ्रमण गरेका गरेका छन् । सार्कबाहेक ९८ देशका पर्यटकले भ्रमण गरेको संग्रहालयको रेकर्डमा उल्लेख छ।

## पोखरामा खुल्यो २ हजार क्षमताको पोखरा इभेन्ट सेन्टर



**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

नेपालको पर्यटनको राजधानि पोखरामा अत्याधुनिक सुविधा सम्पन्न पोखरा इभेण्ट सेन्टर संचालनमा आएको छ ।

गण्डकी प्रदेशकै सुविधा सम्पन्न ठुलो सभाहल भएको दाबी गरिएको उक्त सेन्टरले पोखरा क्षेत्रको आन्तरिक तथा बाह्यि पर्यटक प्रबर्द्धनमा सेन्टरले सहयोग पुग्ने सेन्टरका प्रबन्ध निर्देशक शिवराज आचार्यले बताउनु भयो।

विभिन्न पेशा व्यवसायमा आबद्ध हुनु भएको पोखराका ५ जना व्यक्तिहरुको लगानीमा करिब ३२ रोपनी क्षेत्रफलमा उक्त सेन्टर हालै संचालनमा आएको उहाँले जनाउनु भयो । विगत ४ बर्ष अघि देखि निर्माण कार्य सुरु भएको उक्त सेन्टरको हाल निर्माणको अन्तिम चरणमा पुगेको भए पनि सेवा भने शुभारम्भ गरेको प्रबन्ध निर्देशक आचार्यले उल्लेख गर्नु भयो । सानो प्रकृतिको बोर्ड बैठकका लागि १५ जना देखि ठुलो पार्टी एवं सभा सम्मेलनको लागि २ हजार क्षमताका ८ वटा सभाहलहरु रहेको उहाँले बताउनु भयो ।

उक्त सेन्टरमा करिब ३ सय सवारी साधनको पार्किङको व्यबस्थापन गर्न सकिने भएको प्रबन्ध निर्देशक आचार्यले दाबी गर्नु हुन्छ । स्टार लेवलकै सेवा सुविधा रहेको सेन्टरमा राष्ट्रिय तथा अन्तराष्ट्रिय सभा सम्मेलन तथा बैठकहरु आयोजना गर्न लक्षित गरिएको उहाँको भनाई छ। उक्त सेन्टरमा आचार्य सहित टिकादेवी अर्याल, राजेन्द्रकुमार वाटाजु, ई.रामचन्द्र पोखरेल र लक्ष्मण अधिकारीको करिब २० करोडको सयुक्त लगानीमा उक्त सेन्टर स्थापना भएको हो ।

एसि सहितको उक्त सभाहलहरु एक दिनमा १० हजारसम्म क्षमतामा आफुहरुले सेवा सुविधा उपलब्ध गराउन सकिने दाबी गर्दै प्रबन्ध निर्देशक आचार्यले उक्त सभाहरुहरु संचालन गर्दा ३ लाख रुपैयासम्म एकै दिनको शुल्क लाग्ने उल्लेख गर्नु भयो। उक्त सेन्टरमा कुनै बिषेश सभा समारोह, पार्टी तथा बिबाह हुदा आवश्यक पर्ने केही रुमहरु समेत उपलब्ध भएको छ। सेन्टरले हाल प्रत्यक्ष रुपमा २५ जनालाई रोजगार उपलब्ध गराएको छ ।

उक्त सेन्टरको केही फिनिसिङको काम बाँकी रहेको उल्लेख गर्दै प्रबन्ध निर्देशक आचार्यले अबको केही महिना पछि औपचारिक रुपमा उद्घाटन गरी सेवा संचालन गर्ने जनाउनु भयो । उक्त सेन्टरले पोखरामा कला संस्कृति तथा भेषभुषाको समेत संरक्षण गर्ने गरी हरेक साँझ गण्डकी प्रदेशको कला संस्कृति झल्कने सांस्कृतिक कार्यक्रम प्रस्तुतः गरिने भएको छ । पोखरामा निजी क्षेत्रको लगानीमा सुविधा सम्पन्न सबै भन्दा ठुलो सभाहल सहितको इभेण्ट सेन्टर संचालनमा ल्याएको सेन्टरका अध्यक्ष ई.रामचन्द्र पोखरेलले बताउनु भयो। प्रकृति र संस्कृतिको धनि पोखरामा उक्त इभेण्ट सेन्टर स्थापना हुनुले पोखरा क्षेत्रको पर्यटन प्रबर्द्धनमा थप टेवा पुग्ने उहाँले जनाउनु भयो ।

## गण्डकी प्रदेशसभाबाट बजेट पारित

**पोखरापत्र संवाददाता**
पोखरा, १७ असार

गण्डकी प्रदेश सरकारको आर्थिक वर्ष २०८१/८२ को बजेट बहुमतले पारित भएको छ। यही असार १ गते गण्डकी प्रदेश सरकारका आर्थिक मामिलामन्त्री डा टकराज गुरुङले गण्डकी प्रदेशसभामा प्रस्तुत गर्नुभएको बजेट गण्डकी प्रदेशसभाको आजको बैठकले पारित गरेको हो ।

मन्त्री गुरुङले आव २०८१/८२ का लागि रु ३२ अर्ब ९६ करोड ८५ लाखको बजेट प्रस्तुत गर्नुभएको थियो । बजेटमध्ये चालुतर्फ रु १३ अर्ब १६ करोड, पाँच लाख ८२ हजार र पुँजीगततर्फ रु १९ अर्ब ५१ करोड ७९ लाख ९३ हजार रहेको छ।

चालुतर्फ कूल विनियोजनको ३९ दशमलव ९१ प्रतिशत हो भने पुँजीगततर्फ कूल विनियोजनको ५९ दशमलव १९ प्रतिशत हो । यसअघि विभिन्न बैठकमा सदस्यहरूले बजेटका सम्बन्धमा आ-आफ्ना धारणा राख्नुभएको थियो ।



# विद्यार्थीलाई नेपाली सेनाको एनसीसी तालिम

पोखरापत्र संवाददाता
स्याङजा, १७ असार

नेपाली सेनाले स्याङ्जाका विद्यार्थीहरुलाई राष्ट्रिय सेवादल तालिम अर्थात एनसीसी तालिम दिएको छ । युवायुवतीलाई राष्ट्रप्रेम बनाउनुका साथै लागुऔषध दुव्यसनी र विपद व्यवस्थापनमा सहयोग पुग्ने उदेश्य राखेर नेपाली सेनाले विद्यार्थीलाई एनसीसी तालिम दिएको हो । स्याङ्जामा नेपाली सेनाले हरेक बर्ष दुई विद्यालयका विद्यार्थीलाई यस्ता तालिम दिदै आएको छ ।

यो बर्ष नेपाली सेनाले एउटा मात्रै विद्यालयका विद्यार्थीलाई एनसीसी तालिम शुरु गरेको जनाएको छ ।

पुतलीबजार नगरपालिका १३ स्थित सतौ हटिया लाम्पाटामा रहेको मातृभुमि विद्यालयमा राष्ट्रिय सेवा दल तालिम शुरु भएको आँधीखोला व्यारेक शार्दुल सिंह गुल्मका गुल्मपति पुरुषेत्तम कार्कीले जानकारी दिए । तालिममा ३६ जना विद्यार्थीको सहभागिता रहेको छ । १८ जना छात्र र १८ जना



छात्राले असार ३०गते सम्म यो तालिममा सहभागी हुने गुल्मपति सेनानी कार्कीले बताए । आदर्श नागरिक र राष्ट्रप्रति माया जगाउने नै यसको मुलभुत उदेश्य हो गुल्मपति कार्कीले भने,'विद्यार्थीले यो तालिमबाट सैद्धान्तिक र व्यवहारीक सिक्ने छन् ।' जसले समाजमा आइपरेका समस्या सगँ जुध्न र असल नागरिक बनाउन टेवा पुग्ने विश्वास सेनाले लिएको छ उनले भने ।

नेपाली सेनाद्धारा आयोजित तालिममा विद्यालयका प्रधानाध्यापक, शिक्षक, समन्वय शिक्षक, पुतलीबजार १३ का वडा अध्यक्ष, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र अभिभावकहरुले शुभारम्भको अवलोकन गरेका थिए । नेपाली सेनाले 'अनुशासन नै राष्ट्र सेवाको मूल जग हो' भन्ने आर्दश वाक्य रहेको राष्ट्रिय सेवा दलबाट संचालित तालिमले युवाहरुलाई अनुशासित बनाउने, युवाहरुमा ईमान्दारिता तथा बफादारिताको भावनाको विकास गराउने, युव ाहरुमा राष्ट्रियताको भावनाको विकास गर्ने, युवाहरुमा नेतृत्व क्षमताको विकास गर्ने, र विपदको समयमा उद्धार तथा राहत कार्यमा स्वयं सेवकको भुमिका निर्वाह गर्न सक्ने असल तथा अनुशासित नागरिक बनाउन अभिप्रेरित गर्ने सेनानी कार्कीले बताए ।

स्याङ्जामा ५ बर्षदेखी यो तालिम संचान हुदै आएको छ । अहिले सम्म राष्ट्रिय सेवादलको तालिम झण्डै ५ सय विद्यार्थीले लिइसकेको सेनानी कार्कीले बताए। वि.सं. २०२२ देखि देशभर हालसम्म सिनियर डिभिजन तर्फ १२ हजार ५ सय १५ जना र जूनियर डिभिजन तर्फ ६१ हजार ९ सय ६५जना गरी कूल ७४ हजार ४ सय ८० जना क्याडेट छात्रछात्राहरुले सफलतापूर्वक रासेद अर्थात एनसीसीको तालिम प्राप्त गरी सकेको नेपाली सेनाले जनाएको छ ।

यस तालिममा उत्कृष्ट नतिजा ल्याउने क्याडेट छात्र/छात्राहरु र विद्यालयहरुले राष्ट्रिय स्तरमै पहिचान प्राप्त गरी बिभिन्न शिल्ड, मेडल तथा पुरुस्कारहरु प्राप्त गर्ने व्यवस्था रहेको छ ।

मित्रराष्ट्रहरु भारत, श्रीलंका, वंगलादेश, भुटान, माल्दिभ्स र पाकिस्तानमा संचालन हुने यूवा आदान प्रदान कार्यक्रममा राष्ट्रको प्रतिनिधित्व गर्दै सहभागी हुने अवसर पनि प्राप्त गर्ने बताइएको छ । नेपाली सेनाले दिदै आएको यो तालिमले समाजमा लागुऔषध दुव्यसनीको न्युनिकरण र बेला बेलामा आइपर्ने प्रकृतिक विपदजन्य व्यवस्थापनमा ठुलो सहयोग हुदै आएको छ ।

# एसइइ उत्तीर्ण विद्यार्थीलाई विन्ध्यवासिनीको सम्मान

पोखरापत्र संवाददाता
पोखरा, १७ असार

पोखराको बाटुलेचौरस्थित विन्ध्यवासिनी माविले माध्यमिक शिक्षा परिक्षा उत्तीर्ण विद्यार्थीलाई सम्मान गरेको छ।

विद्यालयवाट एसइइ परिक्षामा सफलता प्राप्त गरेका ७६ जना विद्यार्थी र उनका अभिभावकलाई सम्मान गरिएको हो । विद्यालय व्यवस्थापन समितिका जेष्ठ सदस्य गुरुदत्त भट्टराई, विद्यालयका प्रधानाध्यापक कृष्ण प्रसाद आचार्य, सहायक प्रअ रामवहादुर वानियाँ, भेषराज पौडेल, समितिका सदस्य विमला अधिकारी, सन्दीप थापा, मेहरमान नेपाली, शिक्षक महेन्द्रमणि पौडेल, कृष्णप्रसाद पौडेल, अभिभावक प्राध्यापक डा श्रीधर न्यौपाने लगायतले सम्मान गर्नुभयो । कार्यक्रममा प्रधानाध्यापक आचार्यले सामुदायिक विद्यालय तर्फ विद्यालयले प्राप्त गरेको नतिजा



अव्वल रहेको वताउँदै, सवैको मेहनतवाट यस वर्ष पनि उत्कृष्ट नतिजा आएको वताउनु भयो ।

विद्यालयले ए प्लस प्राप्त गर्ने ११ जना विद्यार्थीलाई विन्ध्यवासिनी पदक सहित नगद ५ हजार ५ सय ५५ राशीवाट सम्मान गर्ने घोषणा समेत गरेको छ।

उक्त सम्मान विद्यालयको वार्षिकउत्सवका दिन प्रदान गरिने वताईएको छ । सो विद्यालयवाट उत्कृष्ट जिपिए सहित ९३ दशमलव ८२ प्रतिशत विद्यार्थी उर्त्तिण भएका थिए । ८१ जना मध्ये ११ जनाले ए प्लस प्राप्त गरेको विद्यालयले जनाएको छ।

१२ कक्षा सम्म संचालित विद्यालयले कक्षा ११ मा विज्ञान तथा व्यवस्थापन संकायमा आवेदन खुल्ला समेत गरेको दश जोड दुई संयोजक माधव अधिकारीले जानकारी दिनुभयो । सामुदायिक विद्यालय तर्फ देशकै उत्कृष्ट पहिलो वन्न सफल सो विद्यालयमा करिव १ हजार ५ सय विद्यार्थी अध्ययनरत छन् ।


## सवारी लिलाम बिक्रीको १५ दिने सूचना

**प्रकाशित मितिः २०८१/०३/१८ गते मंगलबार**

तपशिलमा उल्लेखित शेयर सदस्यले यस संस्थाबाट उपभोग गरेको कर्जाको साँवा,व्याज र हर्जना रकम कर्जा लिँदा गरी दिएको लिखत र कर्जा स्वीकृत शर्तमा तोकिए बमोजिम संस्थालाई तिर्नु बुझाउनु पर्नेमा नबुझाई साँवा, व्याज समेतका रकमहरु तिर्न बुझाउन पटक-पटक मौखिक एवँ लिखित ताकेता गर्दा समेत नतिरी नबुझाई संस्थासँग भएको कर्जा सम्बन्धी शर्त कबुलियतहरु उल्लङ्घन गर्नुभएको र सवारी नियन्त्रणमा लिएपश्चात २०८१/०२/२९ मा सवारी लैजान सक्ने ७ दिनको पुर्व जानकारी को समय दिँदा पनी कर्जा चुक्ता नगरी पत्रको समेत वास्ता नगरी कर्जा दायित्व फछ्र्यौट गर्ने तर्फ कुनै तदारुकता नदेखाएको हुँदा सहकारी ऐन २०७४ परिच्छेद १४ दफा ७९ तथा सहकारी नियमावली २०७५ को परिच्छेद ८ दफा३०, गण्डकी प्रदेश सहकारी नियमावली २०७६ को दफा २३ र यस संस्थाको विनियम, ऋण नीति अनुसार यस संस्थालाई सुरक्षण स्वरुप लेखिदिएको तपसिल बमोजिमको धितो सुरक्षण सम्पती सवारी लिलाम बिक्री गरी संस्थाको लिनुपर्ने रकम असुल उपर गर्नुपर्ने भएकोले सवारी लिलाम विक्रिको १५ दिने सूचना प्रकाशित गरिएको छ । तल उल्लेखित लिलामी हुने सम्पती योग्य शिलबन्दी बोलपत्रद्धारा खरिद गरी लिन इच्छुक संघ, संस्था, फर्म तथा व्यात्तिले यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आँफुले कबुल गरेको रकम सहितको गोप्य शिलबन्दीपत्र पेश गर्नुहुन अनुरोध गरिन्छ । लिलाम बिक्रीमा सो सुरक्षण धितो सम्पती कसैले नसकारेमा वा रितपूर्वक बोलपत्र नपरेमा सहकारी ऐन २०७४ को दफा ७९ उपदफा ६ र सहकारी नियमावली २०७५ को दफा ३५, बमोजिम धितो सुरक्षण सम्पती संस्था आँफैले सकार गरी लिन सक्ने छ । धितो लेखी दिएको सम्पती लिलाम बिक्री गर्दा वा सँस्था आँफैले सकार गरी लिंदा मेरो/हाम्रो सम्पती कम मुल्यमा बिक्री भयो वा संस्थाले लियो भनी कहीं कतै उजुर बाजुर गर्न पाइने छैन । साथै सुरक्षणमा रहेको धितोमा रहको सम्पती सवारी लिलाम गर्दा समेत यस संस्थाले लिनुपर्ने रकम अशुल नभएको अवस्थामा सम्बन्धित ऋणी र जमानीकर्ताको अन्य चल अचल जायजेथा सम्पत्तिबाट असुल उपर गरी लिने र ऋणी र जमानीकर्तालाई सहकारी ऐन २०७४ दफा ८० र प्रचलित कानुन बमोजिम कालो सूचीमा नाम समाबेस गर्ने प्रकृयामा पठाइने ब्यहोरा सम्बन्धित सबैलाई जानकारी गराइन्छ । सवारी लिलाम हुने कर्जाग्राही सदस्य,सवारी लिन इच्छुक महानुभावहरुले यो सुचना प्रकाशित मितिले १५ दिन भित्र यस कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र आव्हान गरिने हुँदा लिलाम हुने स्थान यसै संस्थाको कार्यालयमा उपस्थितहुन यसै सुचनाबाट सुचित गरिन्छ ।

तपसिलः

| ऋणीको विवरण | जमानीको विवरण |
|---|---|
| नाम थर : कृष्णप्रसाद गैह्रे<br>बाबुको नाम : काशिराम गैह्रे<br>बाजेको नाम : तिलोचन<br>अस्थायी ठेगाना हाल बस्ने : वालिङ-१३, स्याङ्जा<br>स्थायी ठेगाना : वालिङ-९, स्याङ्जा | नाम थर : ओम प्रकाश गैह्रे<br>बाबुको नाम : काशिराम गैह्रे<br>बाजेको नाम : तिलोचन<br>अस्थायी ठेगाना हाल बस्ने : वालिङ-१३, स्याङ्जा<br>स्थायी ठेगाना : वालिङ-९, स्याङ्जा |

हायर पर्चेज विवरण (धित्तोको विवरण):

| | |
|---|---|
| कम्पनीको नाम : | MAHENDRA & MAHENDRA LTD |
| सवारीको मोडल : | Mahendra Bolero |
| चेचिस नं. : | MA1ZN2GHKJ1H65233 |
| ईन्जिन नं. : | GHJ1H12441 |

| | |
|---|---|
| बनेको साल | 2018 |
| दर्ता नं. : | लु २ च ५११० |
| न्युनतम मूल्य रु : ९,०६,०००/- (अक्षेरुपी नौ लाख छ हजार मात्र ।) | |

**लिलाम बिक्रीका शर्तहरु :**

१) लिलाममा अन्तिम पटक सवै भन्दा बढी कवोल गर्ने व्यात्तिले आफूले वोलेको कुल रकमको १०% ले हुन आउने रकम धरौटी तुरुन्तै सोही दिनमा दाखिला गर्नुपर्नेछ ।
२) धरौटी रकम बुझाईसकेपछि बाँकी रकम ०७ दिन भित्र बुझाउनुपर्नेछ नबुझाएमा धरौटी रकम जफत हुनेछ। त्यसपछि दास्रो बढि रकम कवोल गर्नेलाई मौका दिईनेछ ।
३) सवारी लिलाम बिक्रि गर्दा आएको रकमबाट सावाँ,व्याज,हर्जना, लिलामी प्रकृया को खर्च को बक्यौता रकम प्रचलित कानुन बमोजिम ऋणीले व्यहोर्नु पर्नेछ, ।
४) यस संस्थालाई दिनुपर्ने रकम भन्दा सवारीको न्युनतम मुल्य कमी भएको हुँदा लिलामी गर्दा प्राप्त रकमबाट संस्थामा बुझाउनुपर्ने रकम कट्टा गरी बाँकी रकम सम्बन्धित ऋणीलाई फिर्ता दिइनेछ ।
५) धित्तो सुरक्षण रहेको सम्पत्ति लिलाम विक्रिमा सकार गरि लिनेले, दाखिला/खारेज गर्दा लाग्ने शुल्क नगद दस्तुर वापतको रकम सवै आफैले व्यहोर्नु पर्नेछ ।
६) यस संस्थाको कार्यालयमा तोकिएको दिन र समयमा लिलाम बढाबढ गरिनेछ । उक्त दिन विदा परेमा त्यसको लगतै कार्यालय खोलेको दिनमा तोकिएको समयमा हुनेछ ।
७) बोलपत्र सदर वा वदर हुनु अगावै ऋणीले सम्पूर्ण कर्जा तथा अन्य दै-दस्तुर बुझाएमा प्राप्त बोलपत्रहरु रद्ध गरि धरौटी रकम फिर्ता दिन सकिनेछ ।
८) धित्तो लिलाम बिक्री हुदाँ गोप्य शिलबन्दीमा कसैले भाग नलिएमा सँस्था आफैले धित्तो सकार गरि लिनेछ ।

**धित्तो लिलाम हुने मिति, समय र स्थान :**
**लिलाम हुने मिति : २०८१/०४/०६ गते आइतवार**
**स्थान : हिमाल बचत तथा ऋण सहकारी संस्था को कार्यालय**
**ठेगाना : वालिङ-१३ स्याङजा समय : बिहान ठिक ११:३० बजे**

**हिमाल बचत तथा ऋण सहकारी संस्था लि.**
**वालिङ-१३, स्याङ्जा, मो. नं.: ९८४६९१८६०२**


# तीन सय वर्ष पुरानो हनुमान् नाच संरक्षणमा नगरपालिका

पोखरापत्र संवाददाता
बागलुङ, १७ असार

बागलुङ नगरपालिकाले पर्यटक भित्र्याउनका लागि संस्कृतिको प्रवर्द्धन र संरक्षणमा जोड दिन थालेको छ । बागलुङमा हनुमान नाच संरक्षणका लागि नगरपालिकाले चासो दिएको छ ।

यहाँको प्रसिद्ध बागलुङ कालिका मन्दिरमा भित्रिएका पर्यटकलाई बागलुङबजारसम्म ल्याउनका लागि बजारभित्र रहेका पुराना बजार, संस्कार र संस्कृतिको संरक्षणसँगै प्रचारप्रसार गर्न थालिएको नगरपालिकाले जनाएको छ । बागलुङबजारमा संरक्षित गरिएको लोपोन्मुख हनुमान नाच, महिला मगर बाजा, पुरानो बजारका रूपमा रहेको देउराली चोक, कम्पुटोल र किनरा टोललाई संरक्षण गर्ने गरी नगरपालिकाको नीति छ ।

बागलुङ नगरभित्र मात्रै नाचिने हनुमान नाचलाई सो नगरपालिकाले विश्व सम्पदामा सूचीकरण गर्न पहल गर्ने जनाएको छ । नगरपालिकाले हनुमान नाचलाई विश्व सम्पदामा सूचीकरणको आवश्यक काम अगाडि बढाइने जनाउँदै संरक्षणका लागि बजेटसमेत विनियोजन गरेको नगर उपप्रमुख राजु खड्काले बताउनुभयो ।

"करिब तीन सय वर्ष पुरानो नाचका रूपमा रहेको र काठमाडौँमा लोप भइसक्न थालेको तर बागलुङमा जोगाएर राखिएको हनुमान नाचलाई पालिकाको विशेष संस्कृतिका रूपमा विश्वसामु चिनाउने उदेश्य छ", नगर उपप्रमुख खड्काले भन्नुभयो, "साबिकको धौलागिरि अञ्चलको प्रमुख व्यापारिक थलोका रूपमा रहेको बागलुङ बजारको देउराली चोक, कम्पु टोल र किनारा टोलका ऐतिहासिक घरलाई संरक्षण गर्ने र मुस्ताङ हिँडेका पर्यटकलाई कालिका मन्दिर दर्शन गराएर बागलुङबजार भित्र्याउने हाम्रो योजना हो ।"

तीन सय वर्षअघि भक्तपुरबाट बागलुङ आएका नेवार समुदायले ल्याएको हनुमान् नाच बागलुङमा सुरक्षित छ । पछिल्लो समय पुस्तान्तरण नहुँदा हराउने सक्ने चिन्तासमेत स्थानीयमा छ । पर्यटन प्रवर्द्धनका लागि उक्त नाचको संरक्षण र पुस्तान्तरण गर्न आवश्यक भएकाले नगरपालिकाले चासो दिएको हो ।

हनुमान नाँच संरक्षण, मगर बाजा संरक्षण र मगर बाजा प्रशिक्षण, पुराना घर संरक्षणमा नगरपालिकाले बजेट विनियोजन गरेको उहाँले जानकारी दिनुभयो । उहाँले विश्वलाई उक्त हनुमान नाच चिनाउनका लागि विश्व सम्पदा सूचीमा राख्नका लागि आवश्यक कामको थालनी गरेको खड्काले बताउनुभयो ।

मानिसले बाँदरको भेष बनाएर नाचिने भएकाले हनुमान नाच भनिएको जनाइएको छ । एकै पटक १४ जोडीले नाच्ने भएकाले उक्त नाच निकै खर्चिलो छ । पर्यटक आकर्षण गर्न उक्त नाचलाई प्रभावकारी बनाइने छ । यहाँको प्रसिद्ध बागलुङ कालिका मन्दिरमा हरेक वर्ष १० लाख बढी भक्तजन आउने गरेका छन् ।

ती भक्तजनलाई बागलुङमा टिकाउने खालको योजनाअनुसार नगर उपप्रमुख पर्यटन विकास कार्यक्रम, घरबास स्तरोन्नति, पर्यटकीयस्थलमा क्युआरकोड राख्ने लगायतका काम भइरहेको छ। नगरपालिकाले आगामी आर्थिक वर्षमा 'बागलुङ घुम्न जाऔँ' कार्यक्रम सञ्चालन गर्ने नगर प्रमुख वसन्तकुमार श्रेष्ठले जानकारी दिनुभयो ।

नगरपालिकाले बागलुङ कालिका मन्दिर, पञ्चकोट, भैरवस्थान, शालग्राम सङ्ग्रहालयलगायत ११ स्थानमा १२ भाषामा अध्ययन गर्न सक्ने गरी 'क्युआर कोड' मार्फत जानकारी दिने व्यवस्था गरिसकेको श्रेष्ठको भनाइ छ ।

नगरपालिकाले जिल्लाको मुख्य प्रवेशद्वारलाई सौन्दर्यीकरण गर्ने, मालढुङ्गादेखि उपल्लाचौरसम्मको भिरमा लहरा फूल लगाउने र पहरामा कलासंस्कृति झल्कने खालको आकृति निर्माण गर्ने योजना बनाएको छ ।


## नाम परिवर्तन सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मितिः २०८१।०३।१८ गते

कम्पनी ऐन, २०६३ बमोजिम स्थापना भएको प्रा. लि. नं. १६२६०७/०७३/०७४ को साविक गलेश्वर टुर्स एण्ड ट्राभल्स प्रा. लि.को नाम परिवर्तन भई अब उपरान्त हिमालयन ब्रिसपर टुर्स एण्ड ट्राभल्स प्रा. लि. कायम हुने गरी कम्पनी रजिष्ट्रारको कार्यालयबाट समेत स्वीकृती प्राप्त भई सकेकोले सोही बमोजिम हुने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि यो सुचना प्रकाशित गरिएको छ ।

**गलेश्वर टुर्स एण्ड ट्राभल्स प्रा. लि.**
पोखरा म.न.पा. १५, कास्की, नेपाल



## नागरिक पारदर्शिताको लागि सार्वजनिक सूचना

पोखरा महानगरपालिका वडा नं. २२ पुम्दीभूम्दीमा सडक निर्माण गर्दा निम्न अनुसारको आम्दानी तथा खर्च भएको सम्बन्धित सबैको जानकारी तथा नागरिक पारदर्शिताको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**योजनाको नाम :** कालाबाङ हितकारी मोटर बाटो
**उपभोक्ता समितिको नामः** कालाबाङ हितकारी मोटर बाटो उपभोक्ता समिति, पोखरा-२२, कास्की
**योजना सम्झौता मिति :** २०८१/०१/०२ गते
**योजना सुरु मिति :** २०८१/०१/०३ गते
**योजना सम्पन्न भएको मिति :** २०८१/०३/१७ गते
**महानगरपालिका बाट प्राप्त :** रु. १०,००,०००/-
**जनसहभागिता :** रु. १०,०२,१४०/५८
**जम्मा लागत :** रु. २०,०२,१४०/५८
**समिति सदस्य :** ७ जना, महिला सदस्य : ३ जना

**डिल्लीराम पौडेल**
**अध्यक्ष**
**कालाबाङ हितकारी मोटर बाटो उपभोक्ता समिति**
**पोखरा-२२, कास्की**


# व्यावसायिक बाख्रापालनबाट वार्षिक चार लाख बचत

पोखरापत्र संवाददाता
पोखरा, १७ असार

जिल्लाको जैमिनी नगरपालिका-६ अर्जेवाका चन्द्रबहादुर थापाले व्यावसायिक बाख्रापालनबाट वार्षिक रु चार लाख बचत गरिरहनुभएको छ ।

मलेसियामा पाँच वर्ष रोजगारी गरेर स्वदेश फर्केपछि ४१ वर्षीय थापाले 'चन्द्रबहादुरको जिमिरे बाख्राफार्म' मार्फत व्यावसायिक बाख्रापालन गर्दै आउनुभएको हो ।

आमा मनरुपा थापाले गाउँलेको अधियाँ लिएर बाख्रापालन गरी घरखर्च गर्दै आउनुभएको देखेकाले विदेशबाट फर्किएर फार्म दर्ता गरी व्यावसायिक बाख्रापालन सुरु गरेको थापाले बताउनुभयो । चार वर्षदेखि उक्त व्यवसायमा लागेको भन्दै उहाँले सबै खर्च कटाएर वार्षिक रु चार लाख बचत भइरहेको जानकारी दिनुभयो ।

चन्द्रबहादुरको जिमिरे बाख्राफार्म अहिले यस क्षेत्रको नमूना बाख्राफार्मका रूपमा चिनिन थालेको छ । व्यावसायिक बाख्रापालनमा आमाको प्रेरणा रहेको बताउँदै उहाँले बाख्रापालनमा बजारीकरणको समस्या नरहेको उल्लेख गर्नुभयो । थापाका अनुसार अहिले फार्ममा तीन वटा परम्परागत खोरमा ७५ बाख्रा र पाठा छन् । "आमाले अधियाँमा बाख्रापालन गरेको देख्दा बाख्राफार्म सञ्चालन गर्ने रहर थियो ।

लगानी अभावमा भएकाले पाँच वर्ष मलेसियामा कमाएर आएपछि सोही रकम बाख्रापालनमा लगानी गरेको हुँ", उहाँले भन्नुभयो । अहिले दुई सय बाख्रा क्षमताको आधुनिक खोर निर्माणमा जुटेको जनाउँदै थापाले आमाले अधियाँमा पालन गरिरहेका बाख्रालाई आफूले व्यावसायिक बनाएको बताउनुभयो । "लगानी नहुँदा १६ वर्ष पहिला मलेसिया पुगेँ । त्यहाँ कमाएको रकमले बाख्रापालन थालेको हुँ । आमाको दुःख देखेकाले आफू बाख्रा उद्यमी सपना देखेको थिएँ, अहिले पूरा गर्ने चरणमा छु", उहाँले भन्नुभयो ।